**मिति २०८३ साल आषाढ ९ गते बसेको नगरकार्यपालिकाको ६७ औं वैठकको प्रस्ताव तथा निर्णयहरु:-**

**प्रस्तावहरु:-**

१) चालु आ.व.०८२।०८३ को जेष्ठ मसान्त सम्मको कार्यप्रगति समिक्षा सम्वन्धमा
२) धुनिवेशी नगरपालिकाको आ.व.२०८३।०८४ लागि नगरपालिकाले नगरसभामा पेश गर्ने नीतिका सम्वन्धमा ।
३) धुनिवेशी नगरपालिकाको आर्थिक वर्ष २०८३।०८४ को वजेट तथा कार्यक्रम नगरसभामा पेश गर्ने सम्वन्धमा ।
४) धुनिवेशी नगरपालिकाको आर्थिक विधेयक-२०८३ नगरसभामा पेश गर्ने सम्वन्धमा ।
५) धुनिवेशी नगरपालिकाको विनियोजन विधेयक-२०८३ नगरसभामा पेश गर्ने सम्वन्धमा ।
६) धुनिवेशी नगरपालिकाको सहकारी नियमावली-२०८३को मस्यौदा सम्वन्धमा ।
७) विविध

**निर्णय नं.१**

नगर उप-प्रमुख श्री सुरज उप्रेतीज्यू मार्फत नगरसभामा प्रस्तुत हुने गरी तयार भएको चालु आ.व.को श्रावण देखी जेष्ठ मसान्त सम्म भए गरेका कार्य एवं उपलब्धीहरु समेटिएको संशोधित कार्य प्रगति समिक्षालाई पारित गर्ने र स्वीकृतीका लागि लागि १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

नगर प्रमुख श्री बालकृष्ण आचार्यज्यू मार्फत नगरसभामा प्रस्तुत हुने गरी तयार भएको आ.व.२०८३।०८४ को वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रमलाई पारित गर्ने र स्वीकृतीका लागि १९ औं नगर सभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

नगर उप-प्रमुख श्री सुरज उप्रेतीज्यू मार्फत नगरसभामा प्रस्तुत हुने गरी तयार भएको वार्षिक क्षेत्रगत नीति तथा कार्यक्रम अनुसार आगामी आ.व. २०८३।०८४ मा कार्यान्वयन हुने गरी प्रस्तावित योजना तथा कार्यक्रमहरु कार्यान्वयन गर्नका लागि विनियोजित कुल अनुमानित रकम रु. १,०३,९५,७०,८००।- मध्ये चालु तर्फ रु.५२,९४,२०,८००।- (५०.९३ प्रतिशत) र पुंजीगत तर्फ रु.५१,०१,५०,००० (४९.०७ प्रतिशत) हुने गरी तयार भएको वार्षिक योजना, कार्यक्रम तथा वजेट माथि छलफल गरी स्वीकृत गर्नका लागि १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.४**

राजश्व परामर्श समितिको निर्णय एवं सिफारिस अनुसार नगरकार्यपालिका बैठक समक्ष पेश हुन आएको आर्थिक विधेयक-२०८३ माथी दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएको हुंदा उक्त आर्थिक विधेयक-२०८३लाई पारित गर्ने र स्वीकृतिका लागि १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.५**

नगरकार्यपालिका बैठक समक्ष पेश हुन आएको विनियोजन विधेयक-२०८३ र आर्थिक वर्ष २०८३।०८४ को लागी प्रस्तावित आय व्यायको विवरणलाई स्वीकृत गरी मिति २०८३।०३।१० मा बस्ने १९ औं नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं.६**

विधायन समितिको निर्णय एवं सिफारिस अनुसार नगरकार्यपालिका बैठक समक्ष पेश हुन आएको सहकारी नियमावली-२०८३ माथी दफावार रुपमा छलफल गर्ने कार्य सम्पन्न भएको हुंदा उक्त सहकारी नियमावली-२०८३लाई स्वीकृत गर्ने निर्णय गरियो ।